“सहकारी संघ/संस्थाहरुको प्रबर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

Sahakarita Quarterly (त्रैमासिक)

वर्ष ३, | अङ्क ५ | Jan-Mar. 2015 | माघ-चैत २०७१

## राष्ट्रिय सहकारी बैंकको एघारौ वार्षिक साधारण सभा सम्पन्न

# सहकारीलाई अर्थतन्त्रको प्रमुख आधार स्तम्भ बनाउनुपर्छ-उपराष्ट्रपति झा

विराटनगर/उपराष्ट्रपति परमानन्द झाले देशमा खेर गैरहेको स्रोत साधनको पहिचान गरी उत्पादन बढाएर विदेश जाने युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्नका लागि सहकारी क्षेत्रको विकास आवश्यक रहेको बताउनु भएको छ । यो क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सकियो भने नेपालको अर्थतन्त्रको पहिलो आधार स्तम्भ सहकारी क्षेत्र बन्ने निश्चित भएको बताउनुभयो ।

०७१ मंसिर २९ गते विराटनगरमा आयोजित राष्ट्रिय सहकारी बैंक लिमिटेडको एघारौ वार्षिक साधारणसभाको उद्घाटन पछि बोल्दै उपराष्ट्रपति झाले सहकारीलाई प्राथमिकताका साथ अगाडि बढाउन आवश्यक रहेको बताउनु भएको हो ।



बैंकको एघारौ वार्षिक साधारणसभाको उद्घाटन गर्दै सम्माननीय उपराष्ट्रपति परमानन्द झा

विपन्न वर्गका जनताको गाँस, वास र कपासको व्यवस्थापन गर्न नसक्नुको कारण के हो भन्ने पहिचान गरेर सहकारीलाई त्यो क्षेत्रमा लगाउनु आजको आवश्यकता हो भन्दै उपराष्ट्रपति झाले सहकारीको विकासका लागि सहकारी बैंकको योगदान प्रभावकारी बन्नु पर्नेमा जोड दिनुभयो । उहाँले केही सहकारीहरुले सहकारीको नीति नियम विपरित काम गरेर सहकारी क्षेत्रको बद्नाम गरेको भन्दै सहकारीको योगदान मुलुकको समृद्धिका लागि बढाउन सबैको ध्यान पुग्नु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष तथा सभासद केशवप्रसाद बडालले जनताको आर्थिक विकासका लागि सहकारी अभियानलाई राज्यले व्यवस्थापन गर्न आवश्यक रहेको बताउनु भयो । सहकारीहरुले यसको मूल्य मान्यता र आचरण अनुरुप काम गर्न र राज्यका अन्य निकायले समन्वयात्मक भूमिका निर्वाह गर्न आग्रह गर्नु भयो ।

..............................बाँकी १० पृष्ठमा

## सहकारी बैंकद्वारा सिन्धुलीमा कर्जा व्यवस्थापन तालिम




तालिमका सहभागी, प्रशिक्षक र आयोजकहरु ।

विस्तृत समाचार पृष्ठ ९ मा

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

**सहकारिता**

**सल्लाहकार**

रमेशप्रसाद पोखरेल

के.बी. उप्रेती

कुलचन्द्र अधिकारी

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति**

संयोजक - रामबहादुर जि.सी.

सदस्यहरु :

विन्देश्वर श्रेष्ठ, महेन्द्र गिरी, डिल्ली पोखरेल

सदस्य सचिव- नवीन कुमार कार्की

**सहयोगी**

भाषा शर्मा

नवीन पौडेल

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लि.

केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर

फोन : ०१-५०११७८२/फ्याक्स : ०१-५५५५६८७

*Email: sahakaritacontact@gmail.com*

*Email: coopbank@coopbank.com.np*

*Website: www.coopbank.com.np*

**मुद्रण :**

स्वस्तिक प्रिन्टीङ्ग हाउस प्रा.लि. काठमाडौं

# सम्पादकीय

## सहकारी शिक्षा तथा तालिममा बैंकको जोड

राष्ट्रिय सहकारी बैंक लिमिटेडको मुख्य काम सदस्य संघ संस्थाहरुलाई वित्तिय लगायत आवश्यक सेवा पुऱ्याउनु हो । निक्षेप लिने र कर्जा लगानी गर्ने मुख्य काम बैंकको भएकाले त्यसलाई निरन्तरता दिइनै रहेको छ। बैंकका कर्मचारी, सञ्चालकहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नुका साथै बैंकले आफ्ना सदस्य संघ संस्थाहरुको आन्तरिक संचालन पद्धति व्यवस्थित तथा प्रभावकारी होस् भन्ने उद्देश्यले सहकारी संघ संस्थाहरुका पदाधिकारी, सदस्य र कर्मचारीहरुलाई थप सक्षम बनाउनका लागि संस्थाहरुको आवश्यकता अनुसार विभिन्न किसिमका तालिमहरु संचालन गर्दै आई रहेको छ ।

कर्मचारी, सञ्चालक र सदस्य संघसंस्थाहरुको क्षमता अभिवृद्धिका लागि गत आर्थिक वर्षमा ५ लाख १४ हजार रुपैया बजेट विनियोजन गरी विभिन्न किसिमका तालिमहरु सञ्चालन गरिएको थियो । गत आर्थिक वर्षमा १३ ठाउँका ३ सय ९३ सहकारी संघसंस्थाका ४ सय ३६ जनालाई तालिम दिइएको छ । चालु आवका लागि ३० लाख रुपैया बजेट विनियोजन गरी शिक्षा तथा तालिमका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । वित्तिय रुपमा, सदस्य वृद्धि, कारोबारमा वृद्धि संगै कर्मचारीको क्षमता अभिवृद्धि, सदस्य संघसंस्थाहरुलाई व्यवस्थित गराउन गरिने तालिम सदस्य संघसंस्थाहरुका लागि प्रभावकारी बन्दै गएको छ । बैंकले शेयर सदस्य, रकम, निक्षेप, कर्जा लगानी लगायत क्षमता अभिवृद्धिका गतिविधिलाई अगाडि बढाइरहेको छ ।




एघारौं वार्षिक साधारणसभामा प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपति, अतिथिहरु लगायत सञ्चालकहरु




सहकारिता अध्ययन गर्दै उपराष्ट्रपति



साधारणसभामा मन्तव्य राख्दै गर्भनर डा.युवराज खतिवडा



राष्ट्रिय सहकारी बैंक लि. को एघारौ वार्षिक साधारणसभामा सहभागी प्रतिनिधिहरु

# सदस्य संघ-संस्थाहरूको प्रवर्द्धनका लागि राष्ट्रिय सहकारी बैंक

**पृष्ठभूमि**

नेपालमा सहकारीको शुरुवात भएको ६ वर्षपछि अर्थात वि. स. २०२० सालमा सहकारी बैंकको स्थापना भएको थियो। २०१९ सालमा सहकारी ऐन आएपछि सोही ऐनको आधारमा सहकारी बैंक स्थापना भएको हो। तर सहकारी सम्बन्धी ठोस नीतिको अभावमा २०२४ सालमा सहकारी बैंक, कृषि विकास बैंकमा परिणत हुन पुग्यो। २०४८ सालमा सहकारी ऐन र ०४९ सालमा सहकारी नियमावली आउनुका साथै राष्ट्रिय सहकारी संघ र सहकारीका अगुवाहरुको चाहना र पहलवाट २०५७ सालमा सहकारी ऐन २०४८ लाई संशोधन गरी सहकारी बैंक स्थापना सम्बन्धी व्यवस्था गरियो। नेपाल सरकारको १ करोड शेयर रकम र सहकारी संघ संस्थाहरुको सहभागितामा २०६० असार २५ गते राष्ट्रिय सहकारी बैंक लिमिटेड विधिवत रुपमा दर्ता भयो। बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरू बीच २०६१ श्रावण १९ गते देखि कारोवार शुरु गरेको हो। सहकारी विभागको मातहतमा सञ्चालन हुदै आएको बैकले २०६७ साउन १० गते नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ कारोवार गर्न स्वीकृति प्राप्त गरेको छ। नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि अर्को नियमनकारी निकायको मातहतमा सञ्चालन भएको छ। यो बैकमा नेपाल सरकार, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ लिमिटेड, केन्द्रीय सहकारी संघहरू, जिल्ला सहकारी संघहरू, बिषयगत सहकारी संघहरू, विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरू आबद्ध छन्।

**उद्देश्य**

राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थापना हुनुको मुख्य उदेश्य सदस्य सहकारी संघ वा संस्थालाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सहयोग पुऱ्याउने हो। यसका साथै नेपाल सरकार तथा राष्ट्र बैंकको नीति निर्देशन र ऐनको अधिनमा रही राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी संघ संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी आन्दोलनलाई सहयोग पुऱ्याउने यसको अर्को महत्वपूर्ण उद्धेश्य हो। यस्तै पूँजि अभाव भएका सहकारी संघ/संस्थाहरुलाई कर्जा स्वरुप पूँजि सहयोग गरी व्यवसायिक बनाउने र क्रमशः पूँजिमा आत्मनिर्भर गराउँदै लैजाने लगायतका उद्धेश्य लिएर यो बैंक स्थापना भएको हो।

**वर्तमान अवस्था**

राष्ट्रिय सहकारी बैंक लि.मा हाल ७५ जिल्लाका करिब ७ हजार ५ सय सहकारी संघ संस्था शेयर सदस्य छन्। ३३ शाखा र १ केन्द्रीय कार्यालय गरी ३४ स्थानबाट ६८ करोड भन्दा बढी शेयर पूँजि संकलन, ७ अर्ब निक्षेप संकलन, करिब ४ अर्ब कर्जा लगानी र करिव १० अर्बको कारोबार भैरहेको छ। बैंकले पछिल्लो समय कृषि र विपन्न वर्ग कर्जामा विशेष प्राथमिकता दिदै आएको छ। यो क्षेत्रमा करिब २ अर्ब लगानी रहेको छ। आइसीए, नेडाक,अक्कु लगायतका सहकारीका अर्न्तराष्ट्रिय संस्थाहरु तथा नेपालको सहकारी अभियानका शिर्ष निकाय राष्ट्रिय सहकारी संघ लि.मा बैंकको आवद्धता रहेको छ। यो आर्थिक वर्षको अन्त्यसम्म बैंकले ७० करोड शेयर पूँजि, १७ करोड जगेडा तथा कोषहरु, ९ अर्ब ६६ करोड निक्षेप र ८ अर्ब लगानी पुऱ्याउने लक्ष्य लिएको छ।

**सदस्यहरुलाई सेवा**

सहकारी बैंकको स्थापनासंगै सदस्यता विस्तार, शाखाहरु मार्फत कारोबार सञ्चालन हुन थालेपछि देशभरका सहकारी संघ संस्थाहरुले यो बैंकबाट वित्तिय सहयोग, वित्तिय व्यवस्थापन लगायतको अपेक्षा राखेका थिए। निश्चय नै सहकारीहरुको सहभागितामा बनेको बैंकबाट सदस्य संस्थाहरुले अपेक्षा गर्नु स्वभाविक नै छ। दुर्गम तथा ग्रामिण क्षेत्रमा, महिला, दलित तथा कमजोरआयस्रोत भएका जनताको सहभागितामा सञ्चालन भएका, कृषि, पशुपालन, जडिबुटी, विद्युत उत्पादन, प्रशोधन र बजारीकरणका क्षेत्रमा काम गरीरहेका तथा शिक्षा, स्वास्थ्य, सञ्चार लगायतका सेवा, बचत तथा ऋण लगायत विभिन्न क्षेत्रमा काम गरिरहेका सहकारी संघ संस्थाहरुले राष्ट्रिय सहकारी बैंकबाट वित्तिय सहयोग प्राप्त गरेका छन्। निजी बैंकहरुले संस्थागत रुपमा सहकारीहरुलाई कर्जा प्रवाह नगर्ने र सहकारी बैंक उनीहरुको प्रवर्द्धनका लागि स्थापना भएकाले पनि यस्ता खाले सहकारीहरुलाई सर्वसुलभ रुपमा थोक कर्जा



रामबहादुर जि.सी.
सञ्चालक
राष्ट्रिय सहकारी बैंक लि.

प्रवाह गरी सहकारी संघ संस्थाहरुको सबलीकरणका साथै जनताको आयस्तर माथि उठाउन बैंकले सहयोग पुऱ्याउदै आएको छ।

**आगामी रणनीतिः**

यो बैंक सहकारी संघ संस्थाहरुको केन्द्रीय बैंक र भरोसा योग्य सहयात्रीका रुपमा विकास हुदै गएको छ। सदस्य सहकारी संघ संस्थाहरुको व्यवस्थापनका लागि बैकले आगामी ५ वर्षका लागि आफ्नो रणनीति तयार गरेको छ। सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र वित्तिय आवश्यकताहरु परिपूर्ति गर्ने यसको मुख्य लक्ष्य हो। लक्ष्य प्राप्तीका लागि बैंकले समयानुकुल प्रविधिको प्रयोग गरि सदस्यहरुमा गुणस्तरीय सेवा प्रदान गर्ने, क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका शिक्षा, तालिम, गोष्ठि आदीको ब्यवस्थापन गर्ने, पूँजी, निक्षेप एवं कर्जा परिचालन क्षमता अभिबृद्धि गर्ने, दक्ष जनशक्ति, आन्तरीक ब्यवस्थापन र प्रभावकारी नियन्त्रण प्रणालीको विकास गर्ने, सहकारी क्षेत्रका समस्या समाधानका लागि पहल गर्ने, समय सापेक्ष ऐन, नियम, नीति निर्माण परिमार्जनका लागि पहल गर्ने, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय निकायहरुसँग समन्वय तथा सम्बन्ध विस्तार गर्ने, आयमूलक ब्यवसाय मार्फत रोजगारी सिर्जना तथा गरिवी न्यूनिकरण गर्ने, उत्पादन तथा सेवा क्षेत्रको विकास र प्रवर्द्धनका लागि कर्जा तथा वित्तिय सेवा प्रदान गर्ने, देश भरका संघ/संस्थालाई आवद्ध गराउने, छरिएर रहेको पूँजी, श्रोत तथा साधनहरुलाई सहकारी संघ/संस्था मार्फत परिचालन गर्ने गराउने काम गर्ने योजना अगाडि बढाएको छ। पाँच वर्षभित्र १५ हजार

सहकारी संघ संस्थालाई सदस्य बनाउने, शाखा र ब्रान्चलेस गरी १ सय स्थानबाट कारोबार गर्ने, २ अर्ब शेयर पूँजि, ३० अर्ब निक्षेप, २५ अर्ब कर्जा लगानी गर्ने लक्ष्य लिइएको छ । कर्जा लगानी मध्ये १७ अर्ब रुपैया उत्पादनमुखी, आयमुलक र जलविद्युत क्षेत्रमा लगानी गर्ने लक्ष्य छ । सहकारी बैंक ऐन निर्माणका लागि पहलकदमी गर्ने तथा सहकारीका ७ वटा अन्तर्राष्ट्रिय निकायको सदस्यता लिने योजना बैंकले अगाडि बढाएको छ ।

**तत्कालिन कार्ययोजना** :

राष्ट्रिय सहकारी बैंक लिमिटेडले तयार पारेको ५ वर्षे रणनीति अनुसार अगाडि बढ्नका लागि तत्कालिन कार्ययोजना समेत तयार पारिएको छ । आगामी आर्थिक वर्षका लागि बैंकले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी दिगो, उच्च र फराकिलो आर्थिक वृद्धिको आधारशिला बनाउन पहल गर्ने, कृषिको व्यवसायीकरणका लागि लगानीको मात्रा बढाउदै लैजाने, शाखा विस्तार गर्ने, सेवा विस्तार गर्ने, युवा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गर्ने, सञ्चालक, लेखा समिति र कर्मचारीको क्षमता अभिवृद्धिका लागि विविध कार्यक्रमहरु सञ्चालन गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको थप विकास गर्दै कार्य सम्पादनलाई थप व्यावसायिक र व्यवहारिक बनाउने, सहकारी बैंक ऐन ल्याउन पहल गर्ने लगायतका कार्ययोजना तयार पारेको छ । बैंकलाई थप प्रभावकारी बनाउदै लैजानका लागि तत्कालिन र दिर्घकालिन कार्यक्रमका साथ बैंकका गतिविधिलाई अगाडि बढाउन सबैको सहयोग आवश्यक छ ।

**बैंक बारेका भ्रम र वास्तविकता** :

सहकारी संघ संस्थासंग कारोबार गर्दै आइरहेको राष्ट्रिय सहकारी बैंक लि. आज देशभरका वित्तिय संस्थाहरु मध्येको अग्रणी संस्थाका रुपमा स्थापित भएको छ । यसको सदस्य, पूँजि, कारोबार, सेवा बढेसंगै यसको बारेमा केही टिका टिप्पणीहरु सार्वजनिक भएका छन् । निश्चय नै एउटा गतिशिल संगठनका बारेमा सकारात्मक नकरात्मक विषय उठान हुनु स्वभाविक नै हो । सहकारी विभाग अर्न्तरगत दर्ता भएर सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुसार चल्नु पर्ने एउटा दायित्व छ भने नेपाल राष्ट्र बैंकबाट सिमित वैकिङ कारोबारको अनुमति प्राप्त गरेकोले राष्ट्र बैंकको निर्देशनलाई पनि यसले पालना गर्नु पर्ने हुन्छ । सहकारी विभागले सहकारीको भावना अनुसार र राष्ट्र बैंकले आफ्नो नियमानुसार निर्देशन दिने हुनाले कतिपय विषय दुवैले भने अनुसार नहुन सक्छन् । नेपाल राष्ट्र बैंकले सिमित बैंकिङ कारोबारको अनुमति दिएपछि विभिन्न समयमा सुपरीवेक्षण गरी प्रतिवेदन दिएको छ । राष्ट्र बैंकले उल्लेख गरेका विषयहरु सहकारी मापदण्ड भन्दा बाहिर नजाने गरी व्यवस्थापन गर्दै लगिएको छ । सहकारी विभाग मातहतमा रहेको बैंकले राष्ट्रबैंक राष्ट्रबैंकको स्वीकृतिपछि राष्ट्रबैंकको निर्देशन अनुसार अगाडि बढीरहेको छ ।

सहकारी बैंकलाई २०७१ असार मसान्तसम्म ६४ करोड शेयर पुऱ्याउन राष्ट्र बैंकले निर्देशन अनुरुप विभिन्न योजनाहरु बनाएर असार मसान्तसम्म ६१ करोड २३ लाख ९३ हजार र हालसम्म ६८ करोड पुऱ्याएको अवस्था छ ।

कर्जा लगानीका सम्बन्धमा राष्ट्रिय सहकारी बैंकले सञ्चालकहरुलाई लगानी गरेको विषयमा टिका टिप्पणी हुने गरेका छन् । यो बैंकका सदस्यहरु सहकारी संघ संस्था भएका र तिनका प्रतिनिधि बैंकको सञ्चालकमा निर्वाचित हुने भएकाले सदस्य संस्थाहरुलाई लगानी गर्न सकिने अवस्था छ । विगत वर्षहरुका प्रतिवेदनलाई आधार बनाएर सञ्चालकहरुका सहकारीले कर्जा लिएको भन्दै दिवगंत भइसकेका, १ वर्ष अगाडि नै सञ्चालक पदबाट विदा लिइ सकेकाहरुको नाम जोडिएर समाचार हरु सार्वजनिक भैरहेका छन् । सहकारी विभाग अर्न्तरगत मात्र रहदा बैंकले गरेका कतिपय कार्यमा राष्ट्रबैंकले सच्याउन आग्रह गरेको विषयलाई नै समाचारको विषय बनाएर बैंकलाई कमजोर बनाउने प्रयत्न भएका छन् । कर्जा भुक्तान गरिसकेका सहकारीहरुको नाम जोडेर चर्चा परिचर्चा हुने विषय गलत छ ।

सदस्यता, सञ्जाल, पूँजि, योजना, रणनीति, व्यवस्थापन लगायत धेरै क्षेत्रमा सहकारी बैंकले वृद्धि, सुधार र व्यवस्थापन गरेकोले नै सहकारी बैंकमा सदस्य संस्थाहरुको आकर्षण बढेको छ । व्यवस्थापनका क्रममा भएका कमी कमजोरी सुधार गर्दै बैंकलाई अगाडि बढाउदा सहकारी क्षेत्रको प्रवर्द्धन गर्न सकिन्छ र सहकारी क्षेत्रको प्रवर्द्धन बिना मुलुकको आर्थिक समृद्धि संभव छैन । यसका लागि सबैको सहयोग र समन्वय आवश्यक छ ।

# पाँचथरमा सहकारी बैंकको शाखा माग



अध्यक्ष रमेश प्रसाद पोखरेल

देशभरका सहकारी संघ संस्थाहरुको एकमात्र बैंकका रुपमा रहेको राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा पाँचथरमा स्थापना गर्न स्थानीयले माग गरेका छन् । यसका लागि सहकारीहरूलाई बैंकको शेयर खरीद गर्न आह्वान गरिएको जिल्ला सहकारी संघ लि. पाँचथर ले जनाएको छ। बैंकका अध्यक्ष रमेशप्रसाद पोखेलको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा जिल्लामा शाखा स्थापनाका लागि कम्तीमा १ सय वटा सहकारी संघ संस्था शेयर सदस्य बनाउनुपर्ने भएकाले सक्रिय भएर सदस्य विस्तारमा लाग्न आग्रह गर्नु भएको थियो । पाँचथरमा दर्ता भई क्रियाशिल ६० भन्दा बढी सहकारी संस्था सदस्य बनी सकेको र छिटै १ सय सदस्य पुऱ्याइने बचत तथा ऋण सहरकारी संघका अध्यक्ष नरेन्द्रकुमार राईले जानकारी दिनुभयो । जिल्लामा बैक नहुँदा जिल्लाका सहकारी संस्थाहरूले इलामको बैकबाट कारोबार गर्ने गरेका छन् । अन्य बैकसँग कारोबार गर्दा आफूले तिरेको ब्याज बैकको मात्रै नाफा हुने तर सहकारी बैकसँग कारोबार गर्दा शेयर बोनसको माध्यमबाट पुनः संस्थामा नै सो रकम फर्कने भएकाले पनि आफूहरू बैक स्थापना गर्न लागिपरेको राईको तर्क छ ।

जिल्लाका झण्डै २ सय सहकारीका प्रतिनिधिलाई जिल्ला सहकारी संघ मार्फत भेला गरिएको थियो । अधिकांश सहकारीले बैकको शेयर खरीद गर्न इच्छा देखाएको र सञ्चालक समितिबाट निर्णय गराएर अगाडि बढ्ने जानकारी दिए ।

# राष्ट्रिय सहकारी बैंक लि.

## केन्द्रिय कार्यालय, कुपण्डोल, ललितपुर

### लेखा परिक्षण नभएको बित्तिय विवरण (अपरिष्कृत)

**दोस्रो त्रैमास आ.व. २०७१/०७२ (मिति २०७१/९/३०)** **रकम रु हजारमा**

| विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गतवर्षको यस त्रैमासमा |
|---|---|---|---|
| **कुल पुँजी तथा दायित्व (१.१ देखि १.७)** | ८,३०२,५०७ | ९,३५५,०८४ | ६,५९५,७७१ |
| शेयर पुंजी | ६७९,१५१ | ६३०५४५ | ५५७६३२ |
| जगेडा तथा कोषहरु | १३३,६२१ | ८७६१३ | ७७८४३ |
| ऋणपत्र तथा वण्ड | | | |
| तिर्न बाँकी कर्जा सापट | ६६९,५९२ | ६९५३५७ | ५६२४६३ |
| **निक्षेप दायित्व** | ६,६८०,०६२ | ७,७३२,७६१ | ५,३१७,४९९ |
| क. स्वदेशी मुद्रा | ६,६८०,०६२ | ७७३२७६१ | ५३१७४९९ |
| ख.विदेशी मुद्रा | | | |
| आयकर दायित्व | | | |
| अन्य दायित्व | १४०,०८० | २०८८०८ | ८०३३४ |
| **कुल सम्पती (२.१ देखि २.७)** | ८,३०२,५०७ | ९,३५५,०८४ | ६,५९५,७७१ |
| नगद तथा बैंक मौज्दात | २,९९२,२१४ | ४१५८२९६ | १९५०२७२ |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | | | |
| लगानी | १,२४५,१०५ | १०५५१०५ | ८५९६०५ |
| कर्जा सापट तथा बिल खरिद | ३,९४९,७३४ | ४०३०५५० | ३६५२६१० |
| स्थिर सम्पती | ३२,८०१ | ३०३२६ | २७४६८ |
| गैर बैंकिङ्ग सम्पती | ५,३५० | ५३५० | |
| अन्य सम्पती | ७७,३०३ | ७५४५७ | १०५८१६ |
| **नाफा नोक्सान हिसाब** | | | |
| ब्याज आम्दानी | ३५७,८९७ | १७०,७९५ | ३११,३१४ |
| ब्याज खर्च | २३२६५८ | १२७०५७ | २१२५३२ |
| **खुद ब्याज आम्दानी** | १२५२३८ | ४३७३८ | ९८७८२ |
| कमिशन तथा डिस्काउण्ट | १०१ | ५२ | |
| अन्य सञ्चालन आम्दानी | १२,२३० | ५,१९६ | १४,४९६ |
| सटही घटबढ नाफा/नोक्सान | | | |
| **कुल सञ्चालन आम्दानी** | १३७,५६९ | ४८,९८६ | ११३,२७८ |
| कर्मचारी खर्च | ३१,३७४ | १७,१२० | २६,२५२ |
| अन्य संचालन खर्च | २३,२१० | ९,२६४ | १७,८७७ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | ८२,९८६ | २२,६०२ | ६९,१५० |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | १०५,३७३ | ६०,१४९ | ९६,०५३ |
| **सञ्चालन मुनाफा** | (२२,३८७) | (३७,५४७) | (२६,९०३) |
| गैर संचालन आम्दानी/खर्च | २ | - | १ |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४६,३६७ | ६,६३७ | ५,७८० |
| **नियमित कारोबारबाट भएको मुनाफा** | ४६,३६९ | ६,६३७ | ५,७८१ |
| असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | - | | |
| **सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | २३,९८२ | (३०,९१०) | (२१,१२२) |
| कर्मचारी बोनस व्यवस्था | २,१८० | - | - |
| आयकर व्यवस्था | ४,३६० | - | - |
| **खुद नाफा/नोक्सान** | १७,४४२ | (३०,९१०) | (२१,१२२) |
| **अनुपातहरु** | | | |
| जोखिम भारित सम्पतीमा पुंजीको पर्याप्तता (प्रतिशत) | १४.१४ | १२.३० | १३.३४ |
| निष्क्रिय कर्जा/कुल कर्जा (प्रतिशत) | ५.२५ | ४.४२ | ५.२५ |
| कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | ६३.२७ | ७०.७८ | ७०.१८ |
| पुजिको औसत लागत | ५.२२ | ५.६३ | ४.८२ |
| कर्जा / निक्षेप अनुपात (प्रतिशत) | ५९.१३ | ५२.१२ | ६८.६९ |

# ३० लाख भन्दा बढी शेयर भएका संघ संस्थाहरूको नामावली

| वर्ग घ (५५ लाख देखि माथि) | | | |
|---|---|---|---|
| सिं.नं. | संस्थाको नाम | ठेगाना | शेयर रकम |
| १ | लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. | वुटवल- ६, रुपन्देही | २०,५१०,००० |
| २ | हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि. | कुपण्डोल-१०,ललितपुर | १९,०४६,००० |
| ३ | सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | चारपाने-३,झापा | १५,०००,००० |
| ४ | नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय | सिंहदरबार,काठमाण्डौं | १०,०००,००० |
| ५ | संकटा बचत तथा ऋण सहकारी संस्था लि. | न्युरोड, काठमाण्डौ | ६,५००,००० |
| ६ | मिलन बहुदेश्यीय सहकारी संस्था लि. | पाको न्यूरोड, काठमाडौं | ५,६३०,००० |
| ७ | नमोबुद्ध बहुउद्देश्यीय सहकारी संस्था लि. | धापासी□-९,बसुनधारा,काठमाडौं | ५,६११,००० |
| ८ | आई.एम.ई को-अपरेटिभ सर्भिस लिमिटेड | कान्तिपथ ,काठमाण्डौ | ५,६१०,००० |
| ९ | चाईना ट्रेड बहुउदेश्यीय सहकारी सँस्था लि. | महाबौद्ध,काठमाडौं | ५,६०१,००० |
| १० | कान्तिपुर सेभिङ एण्ड क्रेडिट को□अपरेटिभ लि. | तिनकुने, काठमाण्डौ | ५,६०१,००० |
| ११ | प्रभु कोअपरेटिभ सर्भिस लिमिटेड | लैनचोर, काठमाण्डौ | ५,६००,००० |
| १२ | सीतापाइला बहुउदेश्यीय सहकारी सँस्था लि. | सीतापाइला, काठमाडौं | ५,६००,००० |
| १३ | जेष्ट बचत तथा ऋण सहकारी संस्था लि. | गोंगबु,काठमाडौं | ५,५९५,००० |
| १४ | विराट वचत तथा ऋण सहकारी संस्था लि. | तिनकुने, काठमाण्डौं | ५,५५०,००० |
| १५ | हेलो कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. | प्यूखा-२४,न्यूरोड,काठमाण्डौ | ५,५१०,००० |
| १६ | लालिगुराँस बचत तथा ऋण सहकारी संस्था लि. | खुशीबु ,लिंक रोड-१७, काठमाण्डौ | ५,५१०,००० |
| १७ | पशुपति सेभिङ्ग एण्ड क्रेडिट को□-उपरेटिभ लि. | पुल्चोक, ललितपुर | ५,५१०,००० |
| १८ | त्रिशुली बचत तथा ऋण सहकारी सँस्था लि. | नुवाकोट | ५,५१०,००० |
| १९ | चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. | बनेपा□-६, काभ्रे | ५,५०५,००० |
| २० | ज्योती बहुउदेश्यीय सहकारी सँस्था लि. | महेन्द्रज्योति□-२, काभ्रे | ५,५०५,००० |
| २१ | गतिशील बचत तथा ऋण सहकारी सँस्था लि. | ललितपुर-११ | ५,५०१,००० |
| **वर्ग ग (३० लाख देखि ५५ लाख सम्म)** | | | |
| १ | सामुहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. | शंकरनगर, रुपन्देही | ५,५००,००० |
| २ | प्रतिभा बहुउदेश्यीय सहकारी सँस्था लि. | थसिखेल, ललितपुर | ४,०००,००० |
| ३ | दुर्गा बचत तथा ऋण सहकरी सँस्था लि. | इटहरी, सुनसरी | ३,५४१,००० |
| ४ | सयपत्री बचत तथा ऋण सहकारी संस्था लि. | धरान-९,सुनसरी | ३,५००,००० |
| ५ | क्यापिटल सेभिङ एण्ड क्रेडिट को□अपरेटिभ लि. | क्षेत्रपाटी, काठमाण्डौ | ३,१०५,००० |
| ६ | जनउद्धार सहकारी संस्था लि. | बसन्तपुर, काठमाण्डौ | ३,१००,००० |
| ७ | नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. | काकरभिट्टा, झापा | ३,१००,००० |
| ८ | प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. | इमाडोल, ललितपुर | ३,०१०,००० |
| ९ | मनकामना वित्तीय सहकारी सँस्था लि. | बनेपा□-१०, काभ्रे | ३,००५,००० |
| १० | नेशनल गोर्खा सेभिङ्ग एण्ड क्रेडिट को□-अपरेटिभ लि. | सामाखुशी-२९, काठमाण्डौ | ३,००१,००० |
| ११ | स्तुपा स्वास्थ सेवा सहकारी सँस्था लि. | बौद्ध, काठमाडौं | ३,००१,००० |
| १२ | गोर्खा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि. | तल्सीखेल, ललितपुर | ३,००१,००० |
| १३ | उपकार बचत कोष तथा ऋण सहकरी सँस्था लि. | वालिङ, स्याङजा | ३,००१,००० |

# राष्ट्रिय सहकारी बैंक लिमिटेड केन्द्रिय कार्यालय र शाखा कार्यालयहरुको विवरण

| क्र.सं. | कार्यालय | ठेगाना | फोन नं. | फ्याक्स नं. | कार्यालय प्रमुख |
|---|---|---|---|---|---|
| १. | केन्द्रिय कार्यालय | कुपण्डोल, ललितपुर | ०१-५०११७८२ | ०१-५५५५६८७ | के.बी.उप्रेती |
| २. | शाखा कार्यालय | लगनखेल,ललितपुर | ०१-५५२९८७९ | ०१-५५५४८७९ | रमा घिमिरे |
| ३. | शाखा कार्यालय | चापागाँउ, ललितपुर | ०१-५५७४५८४ | ०१-५५७४५८४ | युवराज पाण्डे |
| ४. | शाखा कार्यालय | नयाँबानेश्वर, काठमाडौं | ०१-४४६१९०७ | ०१-४१०४१५० | मधु रायमाझी |
| ५. | शाखा कार्यालय | चाबहिल, काठमाडौं | ०१-४४७५४७५ | ०१-४४७५४७५ | सविना बस्नेत |
| ६. | शाखा कार्यालय | गोगंबु,काठमाडौं | ०१-४३६४६३४ | ०१-४३६४६३४ | विनोद भट्टराई |
| ७. | शाखा कार्यालय | कलंकी, काठमाडौं | ०१-४२८४३९९ | ०१-४२८४३९९ | सुरेश खनाल |
| ८. | शाखा कार्यालय | न्यूरोड, काठमाडौं | ०१-४२१६०२२ | ०१-४२१६०२२ | केदारनाथउप्रेती |
| ९. | शाखा कार्यालय | बिर्तामोड,झापा | ०२३-५४०६३३ | ०२३-५४०६३३ | विरवल राजवंशी |
| १०. | शाखा कार्यालय | दमक, झापा | ०२३-५८५४३१ | ०२३-५८५४३१ | सुनिलश्रेष्ठ |
| ११. | शाखा कार्यालय | उर्लाबारी, मोरङ | ०२१-५४१८६५ | ०२१-५४१८६५ | प्रभु पोखरेल |
| १२. | शाखा कार्यालय | विराटनगर, मोरङ | ०२१-४७०८९८ | ०२१-४७०१५३ | हिमा मैनाली |
| १३. | शाखा कार्यालय | इटहरी, सुनसरी | ०२५-५८७७६७ | ०२५-५८७७६७ | भरतकुमार चिमरीया |
| १४. | शाखा कार्यालय | बारा, सिमरा | ०५३-५२१०३८ | ०५३-५२१०३८ | निरज अर्याल |
| १५. | शाखा कार्यालय | हेटौडा, मकवानपुर | ०५७-५२६९५५ | ०५७-५२६९५५ | रामकुमार तिमिल्सिना |
| १६. | शाखा कार्यालय | बुटवल, रुपन्देही | ०७१-५४०८०४ | ०७१-५४०८०४ | नरेश पाण्डे |
| १७. | शाखा कार्यालय | घोराही, दाङ | ०८२-५६१९९७ | ०८२-५६१९९७ | नारायण लामिछाने |
| १८. | शाखा कार्यालय | विरेन्द्रनगर, सुर्खेत | ०८३-५२५२२९ | ०८३-५२५२२९ | विष्णु गिरी |
| १९. | शाखा कार्यालय | गोदामचोक, वागलुङ | ०६८-५२२५२९ | ०६८-५२२५२९ | प्रकाश सापकोटा |
| २०. | शाखा कार्यालय | वालिङ, स्याङजा | ०६३-४४०६३३ | ०६३-४४०६३३ | निरोज पराजुली |
| २१. | शाखा कार्यालय | दमौली, तनहुँ | ०६५-५६२२५२ | ०६५-५६२२५२ | उपेन्द्र दाहाल |
| २२. | शाखा कार्यालय | पोखरा, कास्की | ०६१-५३९४०४ | ०६१-५३९४०४ | सन्तोष घिमिरे |
| २३. | शाखा कार्यालय | विदुर, नुवाकोट | ०१०-५६०९६६ | ०१०-५६०९६६ | बैकुण्ठ मिश्र |
| २४. | शाखा कार्यालय | बनेपा, काभ्रे | ०११-६६१०६३ | ०११-६६१०६३ | सिद्धी कुमार श्रेष्ठ |
| २५. | शाखा कार्यालय | चरीकोट, दोलखा | ०४९-४२१८७३ | ०४९-४२१८७३ | हेमन्तचौलागाई |
| २६. | शाखा कार्यालय | धरान, सुनसरी | ०२५-५२५४७९ | ०२५-५२५४७९ | सुमन श्रेष्ठ |
| २७. | शाखा कार्यालय | दैलेख | ०८९-४२०५७७ | ०८९-४२०५७७ | निताकुमारीथापा |
| २८. | शाखा कार्यालय | ठिमी, भक्तपुर | ०१-५०९३०१८ | ०१-५०९३०१८ | विवेक डाँगी |
| २९. | शाखा कार्यालय | कोहलपुर, बाँके | ०८१-५४१९०२ | ०८१-५४१९०२ | किसनश्रेष्ठ(चोच्छे) |
| ३०. | शाखा कार्यालय | सिन्धुलीमाडी, सिन्धुली | ०४७-५२०६४५ | ०४७-५२०६४५ | हिरालाल सुनुवार |
| ३१. | शाखा कार्यालय | इलाम | ०२७-५२१९२४ | ०२७-५२१९२४ | गोपालकाफ्ले |
| ३२. | शाखा कार्यालय | जनकपुर, धनुषा | ०४१-५३०२०९ | ०४१-५३०२०९ | सन्तोष ढकाल |
| ३३. | शाखा कार्यालय | सप्तरी, राजविराज | ०३१-५२३६९९ | ०४१-५३०२०९ | लोकेन्द्र के.सी |
| ३४. | शाखा कार्यालय | पर्सा, विरगंज | ०५१-५२१११९ | | युवराज त्रिपाठी |

# सहकारिताको अर्थ, परिभाषा र सिद्धान्तलाई हेर्दा



**नवीन पौडेल**
**सहायक**
**राष्ट्रिय सहकारी बैंक लि.**

साधारण अर्थमा सहकारिता भन्नु खास उद्धेश्य प्राप्तिका लागि समान उद्धेश्य भएका व्यक्ति हरु मिलेर आफ्ना पारस्परिक हित लाई ध्यानमा राखी स्थापना गरिएको संस्था हो ,यसमा प्रत्येक व्यक्ति ले आफै लाई सहयोग गरेको हुन्छ "Self-help through mutual help"को सिद्धान्त मै आधारित सहकारी संगठन एउटा ऐच्छिक संगठन हो जसमा कुनै पनि व्यक्ति आफ्नो स्व-इच्छाले सम्मलित हुन्छन जसको संचालन समानता को आधारमा हुन्छ र आबद्ध सदस्य को आर्थिक सामाजिक हितको प्रबर्द्धन गर्नु यसको मूल मर्म हुन्छ ।

सहकारिता लाई बिभिन्न बिज्ञहरुले निम्न अनुसार परिभाषित गर्नुभएको छ । केहि प्रतिनिधि परिभाषाहरु : Henry Calvert का अनुसार सहकारिता संगठनको एउटा स्वरूप हो,जहा मानिसहरु आफ्नो आर्थिक सम्बर्द्धनका लागि समानता को आधारमा आफ्नै इच्छा ले सहभागिता लिन्छन त्यस्तै V.L. Mehata का अनुसार सहकारिता व्यापक आन्दोलनको केवल एउटा पक्ष हो , जसले सामान्य आवश्यकता भएका व्यक्तिहरुको ऐच्छिक संस्थालाई प्रोत्साहित गर्दछ र समान आर्थीक उद्धेश्य प्राप्तिका लागि आपसमा आबद्ध गर्दछ ।

माथी उल्लेखित व्यक्तिहरुको परिभाषावाट पनि हामी के बुझ्न सक्छौ भने सहकारिता निश्चित मुल्य,मान्यता र सिद्धान्त मा आधारित पारस्परिक सहयोग,सदभाव ,न्याय र समानतामा आधारित छ । यसले अर्थतन्त्रका स-साना क्षेत्र लाई समेटछ अनेकतामा एकता र समाजका सबै शक्तिलाई संगठित गरेर सामाजिक एकता कायम गर्न, साथै सिमित श्रोत साधन मार्फत बढी उपलब्धि हासिल गर्न सघाउछ ।

वर्तमान समयमा सहकारिताको महत्व :

नेपाल विकास उन्मुख कृषि प्रधान मुलुक हो यहा करिव ८० प्रतिशत भन्दा बढी जनसंख्या कृषि र ग्रामिण क्षेत्रमा छन् यसरी ग्रामिण क्षेत्रमा बसोवास गर्ने जनसंख्या र कृषि पेशालाई स्तर उन्नति गर्न का साथै व्यावसायिक उन्नति गरी रोजगारी,उत्पादन र आय बृद्धि को निमित्त सहकारिता को भूमिका महत्वपूर्ण छ यसका अनगन्ती महत्वहरु मध्ये केहिलाई बुदागत् रुपमा आर्थिक तथा सामाजिक दृष्टिकोण बाट नियाल्दा,

(१)आर्थिक महत्व
- संस्थागत ऋण
- आवश्यकता को परिपूर्ति
- वचत तथा लगानी लाई प्रोत्साहन
- उत्पादन र रोजगारीका अवसरमा बृद्धि
- मध्यस्थता को उन्मुलन
- सदस्यको आर्थिकस्तरमा सुधार
- सुलभ सेवामा विस्तार

(२) सामाजिक महत्व
- प्रजातान्त्रिक संगठनको विकास
- कृषिमा मा व्यवसायिकता
- नैतिक चरित्रको विकास
- अनावश्यक खर्चमा कटौती र वचत
- सामाजिक अवस्थामा सुधार
- देशको आर्थिकस्तरमा उन्नति
- रोजगारीका अवसर विस्तार
- समाज र समुदाय को हित संरक्षण

(स्रोत :पत्रपत्रिका)

**बैंकको शेयर खरिद गर्दा चाहिने आवश्यक कागजातहरू :**
- राष्ट्रिय सहकारी बैकमा शेयर खरिद गर्ने, यस कामको लागि अख्तियार प्रदान गरीएको व्यक्ती समेत तोकी गरीएको संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपी
- शेयर खरिदको लागि बैकलाई लेखिएको पत्र
- संस्थाको प्यानको प्रतिलिपी
- संचालक समितिको नागरीकताको प्रमाणित प्रतिलिपी
- संस्थाको पारित विनियमको प्रतिलिपी
- संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपी

**बैंकमा खाता संचालन गर्दा चाहिने आवश्यक कागजातहरू :**
- सहकारी संघसंस्थाको दर्ता प्रमाणपत्र,
- संस्थाको विनियम
- स्थायी लेखा नम्बर (प्यान)
- संस्थाको अन्तिम वर्षको लेखापरीक्षण प्रतिवेदन
- संस्थाको सबै संचालक समितिको नाम, ठेगाना, सम्पर्क नम्बर, फोटोका साथै तीन पुस्ते विवरण खुलाएको पत्र
- संघ संस्थाको तर्फबाट तोकिएको प्रतिनिधिको नाम

**राष्ट्रिय सहकारी बैंक लि.**

**वचतका प्रकारहरू :**

मुद्दती बचत, रिकरिंग बचत, सामान्य बचत, नियमित बचत, विशेष बचत, सुपर सेभिंग बचत

**ऋणका प्रकारहरू :**

किस्ताबन्दी Loans , Revolving loan, लघु वित्त ऋण, वंचित क्षेत्रको लागि ऋण, मिनी हाइड्रो जनेरेशन ऋण, Hire Purchase ऋण, युवा स्व-रोजगार ऋण, संस्थागत ऋण

**PEARLS**

P = Protection (सुरक्षण)
E = Effective Financial Structure (प्रभावकारी वित्तीय संरचना)
A = Assets Quality (सम्पत्तिको गुणस्तर)
R= Rate of Return & Cost (प्रतिफल दर तथा लागत)
L = Liquidity (तरलता)
S = Sign of growth (वृद्धिको सङ्केत)

# सिन्धुलीमा कर्जा व्यवस्थापन तालिम

सिन्धुली/राष्ट्रिय सहकारी बैंक लिमिटेड सिन्धुली शाखाको आयोजनामा ३ दिने कर्जा व्यवस्थापन तालिम ०७१ पुस १२ देखि १४ गते सम्म कमलामाई नगरपालिका-६ सिन्धुलीमा सम्पन्न भयो ।

तालिममा सिन्धुली जिल्लामा रहेका विभिन्न प्रकृतिका ३३ वटा सहकारीका ८ महिला र २६ पुरुष गरी ३४ जनाको सहभागिता रहेको थियो । तालिममा कर्जाको महत्व, कर्जामा निहित जोखिम, कर्जा विश्लेषण, लघु कर्जा र धितो सुरक्षणको लागि लिइने कागजातका महत्व तथा लगानी अशुली लगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

राष्ट्रिय सहकारी बैंकका प्रबन्धक नवराज उपाध्यायले कर्जाको परिभाषा, व्यवस्थापनको सिद्धान्त, कर्जालाई प्रभाव पार्ने तत्वहरु, कर्जा लगानी गर्नुपर्ने कारणहरु, कर्जामा निहित जोखिमहरु तथा कर्जा लगानिमा ध्यान दिनुपर्ने कुराहरु, जोखिम रहित तरीकाले कसरी कर्जा व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा प्रशिक्षण दिनुभएको थियो । यस्तै माइक्रो क्रेडिट म्यानेजमेण्टका बारेमा नयाँ नेपाल लघुवित्त संस्था सिन्धुलीका दिपक मैनाली, कर्जा मुल्याकन बारे कन्ट्री डेभलपमेन्ट बैंक सिन्धुली शाखाका प्रमुख रमाकान्त सुवेदी, धितो मूल्यांकन बारे कमलामाई नगरपालिका सिन्धुलीका सव-इञ्जिनियर रामप्रसाद गजुरेलले प्रशिक्षण दिनु भएको थियो । यस्तै राष्ट्रिय सहकारी बैंक सिन्धुली शाखाका शाखा प्रमुख हिरालाल सुनुवारले कर्जा व्यवस्थापनमा आवश्यक कागजात व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा सहजीकरण गर्नु भएको थियो । राष्ट्रिय सहकारी बैंकमा सिन्धुली जिल्लाका १ सय ८० वटा सहकारी संघ संस्था आवद्ध भएका छन् । शाखाले २ करोड भन्दा बढी निक्षेप संकलन, ६ करोड लगानी गरेको शाखा प्रमुख हिरालाल सुनारले जानकारी दिनुभयो ।

## प्रशिक्षक प्रशिक्षण तालिमका सहभागीद्वारा बैंकको अवलोकन



ललितपुर/केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रद्वारा संचालित १५ दिने प्रशिक्षक प्रशिक्षण तालिममा सहभागी विभिन्न २३ जिल्लाका सहकारीकर्मी हरुले २०७१ माघ ४ गते राष्ट्रिय सहकारी बैंक लिमिटेड केन्द्रीय कार्यालयको अवलोकन गरेका छन् । तालिमका सहभागीहरुलाई बैंकका बारेमा जानकारी गराइएको थियो । बैंकका प्रबन्ध संचालक के. बी. उप्रेती, सञ्चालक सरिता भट्टराई, प्रबन्धक नवराज उपाध्याय, शेयर तथा मार्केटिंग बिभागमा कार्यरत सीता भट्टराई, बैंकका लघु तथा विपन्न वर्ग कर्जा विभागमा कार्यरत बिष्णु भट्टराई लगायतले बैंकको अवस्था, कार्य सञ्चालन लगायतका विषयमा जानकारी गराउनु भएको थियो ।

## राष्ट्रिय सहकारी बैंक लिमिटेडको सूचना

*यस बैंकले आफ्नो १३ औं स्थापना दिवसको अवसरमा बैंकका संस्थापकहरु, बैंकलाई योगदान दिने वा विशेष भूमिका निर्वाह गर्ने पूर्व संचालकहरु, उत्कृष्ट कार्य गर्ने सहकारी संस्थाहरु र तिनीहरुका जिल्ला संघहरु, सहकारीता सम्वन्धी कार्यमा विशेष योगदान पुऱ्याउने अन्य सहकारी संघ/संस्थाहरु, बैंकको उद्देश्य र गतिविधिमा गहन भूमिका निभाउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय, सरकारी एवं गैर सरकारी संघ/संस्थाहरु, सहकारिता सम्वन्धी कार्यमा परोक्ष वा प्रत्यक्ष रुपमा उदाहरणीय सरोकार राख्ने, सहयोग गर्ने, सक्रियता देखाउने व्यक्ति, समुदाय, वा संस्थाहरु, बैंकका कर्मचारीहरु, उत्कृष्ट कार्य गर्ने विषयगत केन्द्रीय सहकारी संघहरू साथै आ.व.२०७०/७१ मा बैंकसंग निक्षेप तथा कर्जा तर्फ उत्कृष्ट कारोवार गर्ने सहकारी संघ/संस्थालाई पुरस्कृत गर्ने भएकोले यस कार्यक्रममा सहभागिताका लागि सहकारी संघ/संस्था छनौट गर्नका लागि सदस्य संघ संस्थाहरुले भर्नु पर्ने फारम बैंकको सबै शाखा कार्यालयहरुमा पठाई सकिएको साथै बैंकको वेभसाईटमा समेत राखि सकिएको ब्यहोरा जानकारी गराईन्छ । साथै फारम भरेका सहकारी संघ/संस्थाहरु मात्र यस कार्यक्रममा सहभागी हुने भएकाले यस कार्यक्रममा सहभागी हुन ईच्छुक सहकारी संघ/संस्थाहरुले नजिकको शाखा कार्यालय तथा बैंकको वेभसाईटबाट फारम लिई रितपुर्वक भरी मिति २०७१ जेष्ठ मसान्त भित्र शाखा कार्यालय अथवा ईमेल मार्फत केन्द्रीय कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।*

***राष्ट्रिय सहकारी बैंक लिमिटेड***

*केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर*

*फोन नं. ०१५०११७८२, फ्याक्स नं. ०१५५५५६८७*

*Website : www.coopbank.com.np*

*Email : prize@coopbank.com.np*

# बागलुङमा सहकारी बैंक सम्बन्धी अन्तरक्रिया



बागलुङ शाखाले आयोजना गरेको अन्तरक्रियाका सहभागीहरु

बागलुङ/राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बागलुङको आयोजनामा ०७१ पुस १५ गते बागलुङका बैंकको समग्र अवस्थाका विषयमा छलफल कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बैंकका प्रवन्ध संचालक श्री के.बी. उप्रेतीले बैंकको समग्र अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । उहाले बैंकको शेयर सदस्य, शेयर रकम, कारोबार सबै वृद्धि हुदै गएको भन्दै बैंकका बारेमा गरिएका प्रचार गलत भएको जानकारी गराउनु भयो । बैंक बलियो बन्दै गएका कारण कतिपयलाई नपचेको उप्रेतीको भनाइ थियो ।

कार्यक्रममा बागलुङ शाखाका प्रमुख प्रकाश सापकोटाले शाखाको अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा बागलुङ नगरपालिकामा रहेका सहकारीकर्मीहरु संग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला सहकारी संघ लिमिटेड लगायत विषयगत सहकारी संघ र विभिन्न सहकारी संघ संस्थाका ३५ जनाको सहभागिता रहेको कार्यक्रममा बैंकको विगत एवं हालको अवस्था, बैंकको लक्ष्य एवं उद्देश्य, बैंकबाट सदस्य सहकारी संस्थाहरुले लिन सक्ने सुविधाहरु, सहकारी क्षेत्रका चुनौती एवं अवसरहरु, सहकारी संचालनमा आउने समस्याहरुसंगै राष्ट्रिय सहकारी बैंकबाट गरिएका अपेक्षाहरु लगायतको बारेमा छलफल भएको थियो । कार्यक्रममा सूचना तथा सञ्चार केन्द्रीय सहकारी संघका उपाध्यक्ष मना केसी, जिल्ला सहकारी संघका उपाध्यक्ष अशोकगोविन्द राजभण्डारी, दुग्ध सहकारी संघका अध्यक्ष युक्तप्रसाद कंडेल लगायतले सुझाव दिनु भएको थियो ।

कार्यक्रमको सञ्चालन बैंकका सञ्चालक तथा जिल्ला सहकारी संघ लिमिटेड बागलुङका अध्यक्ष रामबहादुर जिसीले गर्नु भएको थियो । बैंकको बागलुङ शाखामा धौलागिरि अञ्चलका १ सय ६० सहकारी संघ संस्था सदस्य रहेको, १० करोड निक्षेप र ४ करोड लगानी गरेको शाखा प्रमुख प्रकाश सापकोटाले जानकारी दिनुभयो ।

## राष्ट्रिय सहकारी ...

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गर्भनर डा.युवराज खतिवडाले वित्तिय अवस्था, संरचनागत अवस्था र जनतासंगको भावनात्मक रुपमा सहकारी बैंकले निरन्तर प्रगति गर्दै गएको बताउनुभयो । सहकारी ऐन अनुसार अगाडि बढेको बैंकले वित्तिय अनुशासनलाई समेत आत्मसात गर्दै अगाडि बढेकोले ग्रामिण क्षेत्रमा केन्द्रीत हुने गरी कार्यक्रम ल्याउन सके सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

सहकारी ऐन अनुसार सञ्चालन भएको राष्ट्रिय सहकारी बैंकका लागि छुट्टै सहकारी ऐन आवश्यक रहेको बताउनु भएको छ । ऐनले मात्र यसलाई धान्न नसक्ने भएकाले बैंक ऐन ल्याउनका लागि सबै सहकारीकर्मीहरुको सक्रिय सहभागिता आवश्यक रहेको बताउनु भयो । सभासदहरु शक्ति बस्नेत र ओमदेवी मल्ल जोशीले सहकारीको भूमिकालाई प्रभावकारी बनाउन सहकारी बैंकलाई थप प्रभावकारी बनाउनु पर्नेमा जोड दिदै सहकारी बैंक ऐन ल्याउन आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका वरिष्ठ उपाध्यक्ष मिनराज कंडेल, लेखा संयोजक तथा बैंकका सल्लाहकार धर्मदत्त देवकोटा, मोरङका प्रमुख जिल्ला अधिकारी गणेश कार्की, सहकारी विभागका उप-रजिष्ट्रार उपेन्द्र ढुंगानाले सहकारी बैंकको संरचना, वित्तिय अवस्था र भूमिका जानु राम्रो पक्ष भएको भन्दै ग्रामिण क्षेत्रमा केन्द्रीत हुन सुझाव दिनु भएको थियो ।

कार्यक्रममा अध्यक्ष रमेश पोखरेलले प्रगति प्रतिवेदन, प्रवन्ध सञ्चालक के.बी उप्रेतीले कार्यक्रम तथा बजेट र लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । उद्घाटन कार्यक्रम बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षता, सञ्चालक रामहरि बजगाईको स्वागत र सूचना, सञ्चार तथा प्रकाशन उपसमितिका सदस्य डिल्ली पोखरेलको सञ्चालनमा सम्पन्न भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकले बाड्यो १३ प्रतिशत मुनाफा

विराटनगर/राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना शेयर सदस्य सहकारी संघ संस्थाहरुलाई १३ प्रतिशत मुनाफा वितरण गरेको छ। सञ्चालक समितिले गरेको प्रस्ताव विराटनगरमा सम्पन्न बैंकको एघारौं वार्षिक साधारणसभाले पारित गरेपछि १३ प्रतिशत मुनाफा आफ्ना शेयर सदस्यहरुलाई वितरण गरेको हो। बैंकले गत आर्थिक वर्षको कारोबारबाट ७ करोड २७ लाख १४ हजार ९ सय १५ रुपैया मुनाफा वितरण गरेको बैंकले जनाएको छ।

आर्थिक वर्ष २०७०/०७१ मा बैंकले कुल ९ अर्ब ३० करोड ८५ लाख ३४ हजार ६ सय १६ रुपैयाको कारोबार गरी १२ करोड ३० लाख ९७ हजार रुपैया मुनाफा गरेको थियो। बैंकले गत आर्थिक वर्षको कारोबारबाट २ करोड २३ लाख ८१ हजार २ सय ७३ रुपैया कर सरकारलाई भुक्तान गरेको छ। गत आर्थिक वर्षमा बैंकमा आवद्ध ७ हजार २ सय शेयर सदस्य संघ संस्थाबाट ६१ करोड २३ लाख ९३ हजार शेयर पाजि, ११ करोड ६१ लख ७९ हजार ८ सय १५ जगेडाकोष, ७ अर्ब ६९ करोड निक्षेप संकलन तथा ४ अर्ब लगानी गरेको थियो। यस्तै बैंकले चालु आर्थिक वर्षको अन्त्यसम्ममा ८ हजार ३ भन्दा बढी सदस्य सहकारी संघ संस्थाबाट ७० करोड शेयर पूँजि, १७ करोड १६ लाख जगेडाकोष, ९ अर्ब ६६ करोड निक्षेप र ५ अर्ब २० करोड कर्जा लगानी गर्ने बजेट समेत साधारणसभाबाट पारित गरेको छ।



राष्ट्रिय सहकारी बैंकको विराटनगरमा सम्पन्न एघारौं वार्षिक साधारणसभाको बन्दसत्रका सहभागीहरु

बैंकको बन्द सत्रले सञ्चालक समितिका तर्फबाट अध्यक्ष रमेश पोखरेलले प्रस्तुत गरेको प्रतिवेदन, प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले प्रस्तुत गरेको कार्यक्रम बजेट र व्यवस्थापकीय प्रगति प्रतिवेदन, लेखा समितिका अध्यक्ष कुलचन्द्र अधिकारीले प्रस्तुत गरेको लेखा समितिको प्रगति प्रतिवेदन तथा आ.व.२०७०/७१ को लेखा परीक्षण प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरेको छ। यस्तै बैंकले सहकारी मार्फत दिगो आर्थिक विकास र सामाजिक न्याय प्रत्याभूति हुने गरी संविधानमा व्यवस्था गर्न, विद्यमान ऐन, कानुन, नीति नियम र कर व्यवस्थालाई सहकारी मैत्री बनाउन, कृषि, उत्पादन, प्रशोधन र बजारीकरणमा सहकारी क्षेत्रको पहुँच वृद्धि गर्दै कृषिको व्यवसायीकरण र विविधीकरण गर्ने कार्यमा सहयोग पुऱ्याउनुका साथै पर्यटन, औद्योगिकरण र विद्युत उत्पादनको क्षेत्रमा सहकारीको सहभागितामा उत्प्रेरणा प्रदान गर्ने र वित्तिय सहभागीता जनाउदै जाने निर्णय गरेको छ। यस्तै अन्तर्राष्ट्रिय सहकारी महासंघको परिकल्पना अनुरुप सहकारी व्यवसायलाई उत्तम व्यवसायिक मोडेलको रुपमा स्थापित गर्ने राज्य र समाजको आवश्यकता अनुरुप संभावित विभिन्न क्षेत्रमा सहकारी मार्फत सेवा प्रदान गर्न सक्ने वातावरण सिर्जना गर्न सरकारसंग माग गर्ने प्रस्ताव पारित गरेको छ।

यस्तै बैंकले महिला, दलित, अपाङ्ग र पिछडिएको वर्गबाट सञ्चालित सहकारी संस्थालाई तय गरिएको व्याजदरमा केही छुट दिने, कृषि सहकारी संस्था र कृषिजन्य व्यवसाय गर्ने सबै प्रकृति र तहका सहकारी संस्थाहरुलाई उत्प्रेरणा स्वरुप ब्याजमा केही छुट दिने, नेपाल सरकारले भर्खरै कृषि क्षेत्रलाई सुविधा दिने उदेश्यले नेपाल राष्ट्र बैंक मार्फत अगाडि सारिएको कृषि कर्जामा ४ प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्थालाई सहकारी बैंक मार्फत दिएको छुटलाई पनि गणना गरी अधिकतम ६ प्रतिशतमा कर्जा पाउने व्यवस्था लागु गराउन र ७५ वटै जिल्लामा डिभिजन सहकारी कार्यालय, १४ अञ्चलमा सुविधा सम्पन्न प्रशिक्षण केन्द्र, र राष्ट्रिय स्तरमा अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण केन्द्र स्थापना गर्न नेपाल सरकारसंग माग गर्ने प्रस्ताव पारित गरेको बैंकका अध्यक्ष रमेश पोखरेलले जानकारी दिनुभयो।

यस्तै बैंकको सदस्य बन्न सहकारी संघ संस्थाहरुले न्यूनतम १० हजार शेयर खरिद गर्नु पर्ने व्यवस्था रहेको भए पनि सक्षम सहकारी संघ संस्थाहरुलाई न्यूनतम १ लाख रुपैयाको शेयर खरिद गरी सहकारी बैंकको पाजिवृद्धिमा सहयोग गर्न बैंकको एघारौं वार्षिक साधारणसभाले सबैमा आव्हान गर्ने प्रस्ताव पारित गरेको बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले जानकारी दिनुभयो। बन्द सत्र बैंकका अध्यक्ष रमेश पोखरेलको अध्यक्षता र सञ्चालक ज्ञानबहादुर तामाङ्को सञ्चालनमा सम्पन्न भएको थियो।

## राष्ट्रिय सहकारी बैंक लिमिटेडको ११ औ साधारणसभामा पुरस्कृत भएका सहकारी संघ संस्था र संस्थापक, पूर्व सञ्चालक, सहकारी सम्बन्धी शैक्षिक क्षेत्रका व्यक्तित्व कर्मचारीहरू





**१) उत्कृष्ट क्षेत्रिय पुरस्कार**

- **क) पूर्वाञ्चल क्षेत्र** : मोरंग बचत तथा ऋण सहकारी संस्था लि. (लेटांग, मोरंग )
- **ख) मध्यमाञ्चल क्षेत्र** : विन्ध्यवासिनी बचत तथा ऋण सहकारी संस्था लि. (पनौती, काभ्रे )
- **ग) पश्चिमाञ्चल क्षेत्र** : भद्रकाली बहुउद्देश्यीय सहकारी संस्था लि. (बुटवल, रुपन्देही )
- **घ) मध्य-पश्चिमाञ्चल क्षेत्र** : जन हितकारी बचत तथा ऋण सहकारी संस्था लि. (सुर्खेत )
- **ङ) सुदुर-पश्चिमाञ्चल क्षेत्र** : नवजीवन कोअपरेटिभ (धनगढी, कैलाली )
- **च) उपत्यका** : उपकार बचत तथा ऋण सहकारी संस्था लि. (नगदेश, भक्तपुर )
- **छ) महिला सहकारी** : महिला समाज सेवा बचत तथा ऋण सहकारी संस्था लि. (कोहलपुर, बाँके )
- **ज) उत्पादन सहकारी** : समाज सुधार कृषि सहकारी संस्था लि. (डुमरवाना, बारा )

**२) संस्थापक सञ्चालक सम्मान** : मुक्तिनाथ पाण्डे, प्रतापपुर बहुउद्देश्यीय सहकारी संस्था लि. (नवलपरासी

**३)पूर्वसंचालकसम्मानः**स्व:गणेश प्रसाद बस्नेत (मरणोंपरान्त) लेखा समिति सदस्य ५ वर्ष र सञ्चालक ४ वर्ष ६ महिना)

**४) सहकारी विद्वता पुरस्कार** : डा.खगराज शर्मा, बुटवल (Ph.D. in Economics, Topic : Saving and Credit Cooperative as a poverty reduction programme, a case study of Rupandehi district, Nepal, 2069)

**५) उत्कृष्ट कर्मचारी पुरस्कार :**

- क) शाखा प्रमुख मध्येबाट : रमा घिमिरे, लगनखेल शाखा
- ख) सहायक तथा अधिकृत मध्येबाट : नारायण लामिछाने, कोहलपुर शाखा
- ग) कार्यालय सहयोगी मध्ये बाट : सन्तोष कार्की, बनेपा शाखा

**६) १ करोड भन्दा बढी शेयर भएका संस्था पुरस्कार :**

- क) लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. बुटवल-६ रुपन्देही
- ख) हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि. कुपण्डोल, ललितपुर
- ग) सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. चारपाने-३, झापा

## बैंकका तर्फबाट अर्न्तराष्ट्रिय कार्यक्रमहरुमा सहभागीता

राष्ट्रिय सहकारी बैंक लिमिटेडले संचालक समिति, ब्यबस्थापन समुह तथा कर्मचारीहरुलाई सबल र सक्षम बनाएर आफ्ना सदस्य सहकारी संस्थालाई प्रदान गर्ने सेवामा थप गुणस्तरीयता बढाउनको लागि विभिन्न समयमा संचालक समितिले निर्णय गरी निम्न अनुसार का सञ्चालक तथा कर्मचारीहरुलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा विभिन्न तालिम तथा गोष्ठीमा सहभागी बनाएको छ ।

तपशिल :

१) थाइल्याण्ड : मार्च ३-१०, २०१४
प्रमुख कार्यकारी अधिकृत कार्यशाला गोष्ठी
(के.बी. उप्रेती, प्रबन्ध संचालक)

२) थाईल्याण्ड : जुन २०१४
डि.ई. तालिम
(ज्ञान बहादुर तामाङ, संचालक र हरिकृष्ण सापकोटा, प्रबन्धक)

३) इण्डोनेशिया : सेप्टेम्बर १७-२१, २०१४
अक्कुको साधारणसभा
(रामहरि बजगाई, संचालक)

४) इण्डोनेशिया : सेप्टेम्बर १४-२१, २०१४
अक्कु फोरम
(अध्यक्ष-रमेश प्रशाद पोखेल, प्रवन्ध सञ्चालक-के.बी. उप्रेती, सञ्चालकहरु रामहरि बजगाई, रामशरण शर्मा घिमिरे र देवराज पराजुली, नायव महाप्रवन्धक बद्रिकुमार गुरागाई)

५) ताईवान : नोभेम्बर २-८, २०१४
अवलोकन भ्रमण
(रामशरण शर्मा घिमिरे, संचालक)

६) भारत (दिल्ली) : डिसेम्बर १७-२२, २०१४
सहकारी तालिम
(राम बहादुर जि.सी. संचालक र युवराज पाण्डे, अधिकृत)

७) क्यानडा : अक्टोवर २०१४
अर्न्तराष्ट्रिय सहकारी सम्मेलन
(रमेश प्रशाद पोखेल, अध्यक्ष)

८) थाईल्याण्ड : डिसेम्बर ३-९, २०१४)
डि.ई.तालिम
(लक्ष्मी प्रशाद उप्रेती, सदस्य-लेखा समिति र नवराज उपाध्याय, प्रबन्धक)

९) थाइल्याण्ड, जापानः नोभेम्बर १२-१० डिसेम्बर, २०१४)
ग्रामिण महिलाहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम
(सरिता भट्टराई, राष्ट्रिय सहकारी संघ लि.मार्फत)

कविता

## सहकारी



- कुलचन्द्र अधिकारी
संयोजक, लेखासमिति
राष्ट्रिय सहकारी बैंक

*लाखौ लाख सहकारीकर्मी,*
*संगठित सहकारी संस्थामा ।*
*गाउँ वस्ती शहर बजार,*
*तराई पहाड हिमालमा ।*
*आँखा भरि सहकारीका ब्यानर,*
*जनताको भरिभराउ वस्तीमा ।*
*मजदुर किसान श्रमजीवि,*
*जनताको सहकारी संस्थामा ।*
*गाउँ गाउँमा सहकारी,*
*घरघरमा रोजगारीमा ।*
*सहकारीमा संगठित भए,*
*कोहि रहदैनन् बेरोजगारीमा ।*
*आर्थिक संकट सहकारी भित्र,*
*कहिल्यै पर्ने छैन कारोवारमा ।*
*राष्ट्रिय सहकारी बैंक रहेको छ ३३ वटा शाखामा ।*
*पचहत्तर नै जिल्लामा सदस्य*
*रहेको ठुलो रहेको बैंकमा ।*
*धेरै जिल्लामा कभर भएका*
*छन् सहकारी बैंकको लगानीमा ।*
*नेपाल सरकारको शेयर रहेको,*
*नेपाल राष्ट्र बैंकको स्वीकृतिमा ।*
*राष्ट्र बैंकको भरपर्दो सुपरभिजन*
*विश्वाशिलो अनुगमन रहेको छ बैंकमा ।*
*सहकारी विभागको उपस्थिति,*
*सहकारी बैंकको सफलतामा ।*
*लाखौ लाखबाट शुरु भएको कारोवार,*
*अरबौ अरबको कारोवारमा ।*
*सिङ्गो सहकारी अभियान,*
*एकमात्र राष्ट्रिय सहकारी बैंकमा ।*
*ग्रामिण भेगका सहकारी संस्था,*
*राष्ट्रिय सहकारी बैंकले दिएको सेवामा ।*
*दुर्गम एरियाबाट सेवा लिन,*
*ग्राहो भएको अबस्थामा ।*
*धेरै छलफल धेरै निर्णय,*
*ग्रामिण भेगका संस्थामा ।*
*जति सक्यो चाडो सेवा पुर्‍याउन,*
*संचालक समितिको ध्यान जाओंस संस्थामा ।*
*माग आवोस संस्थाबाट,*
*उद्योग उद्यम उद्यमीको ।*
*खाद्य उत्पादन तरकारी दूग्धपदार्थ,*
*मासु जन्य समुहको ।*
*सदस्य बन्न जागृत रहौ,*
*राष्ट्रिय सहकारी बैंकको ।*
*सेवा शर्त सबै बुझौ कारोवार गरौ,*
*दैनिक सहकारी बैंकको ।*
*पूँजीलाई समस्याको रुपमा,*
*कहिल्यै गोप्य नराखौ ।*
*पारदर्शी संधै भरि सहकारीमा देखाऔ,*
*सहकारीको ब्यानरमा जनताको सामु उज्यालो संधै देखाऔ*
*राष्ट्रको पूँजी सहकारी मार्फत जनताको पहुचमा पुर्‍याऔ ।*

(नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोबार गर्न स्वीकृती प्राप्त संस्था) द.नं. ०१/०५५/०६० (सहकारी बैंक)

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**CO-OPERATIVE BANK LTD.**

## प्रेस विज्ञप्ती

देशभरका सहकारी संघ/संस्थालाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सहयोग पुऱ्याउने उद्देश्यका साथ २०६० असार २५ गते राष्ट्रिय सहकारी बैंक लिमिटेड सहकारी विभागमा दर्ता भई २०६७ श्रावण १० गते नेपाल राष्ट्र बैंकबाट सिमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त गरेको हो ।

**वर्तमान अवस्था**

| | | | |
|---|---|---|---|
| सदस्य संस्था | : ७५०० | शेयर पूँजि | : ६८ करोड |
| निक्षेप | : ७ अर्ब | कर्जा लगानी | : ४ अर्ब |
| शाखा | : ३३ वटा (थप ३ वटा शाखा स्वीकृत भएको) | | |
| नाफा | : २ करोड ४० लाख (०७१ पौष मसान्त सम्मको) | | |
| लाभांश | : १३ प्रतिशत वितरण | | |

सहकारी संघ/संस्थासंग कारोबार गर्दै आइरहेको यस बैंकका बारेमा विगत वर्षहरुमा राष्ट्र बैंकले निरीक्षण गरि सुधारका लागि दिएका निर्देशनका आधारमा केहि सञ्चारमाध्यममा आएका समाचारहरु प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । राष्ट्र बैंकले निरीक्षण पछि दिएका सुधार गर्नु पर्ने विषयहरु अधिकांश सुधार भैसकेका, केही क्रमश सुधार गर्दै लगिएको छ । यस बैंकले स्वीकृत कर्जा नीति अनुसार बैंकका सदस्य संघ/संस्थाहरुलाई कर्जा लगानी गर्ने गरेको छ । सबै कर्जाहरु नियमित भैरहेका छन् । राष्ट्र बैंकका सुझावलाई कार्यान्वयन गर्दै गएकोले भ्रममा नपर्न सम्पूर्ण सरोकारवालाहरुमा अनुरोध गर्दछौं । दशौं वार्षिक साधारणसभाबाट नयाँ सञ्चालक समिति चयन भएको छ । तत्कालिन सञ्चालक गणेश प्रसाद बस्नेतको २०७० जेष्ठ १२ गते र तत्कालिन आमन्त्रित सदस्य ज्योती प्रकाश सैंजुको २०७० श्रावण ४ गते निधन भैसकेको छ । डा. विदुर चालिसे, मुकुन्द दाहाल, राजेश हरि जोशीको कार्यकाल २०७० मंसिरबाट सकिएको छ । हाल आमन्त्रित सञ्चालकको व्यवस्था छैन ।

सदस्य संस्थाहरुले कर्जा लिने, भुक्तानी गर्ने क्रम जारी छ । कर्जा बाँकी छ भनिएको भैरवेश्वर बचत तथा ऋण सहकारी, अरुणिमा बहुउद्देश्यीय सहकारी, स्टार बहुउद्देश्यीय सहकारी, स्तुपा स्वस्थ सेवा सहकारी, ज्योती बहुउद्देश्यीय सहकारी संस्था र अध्यक्ष रमेश प्रसाद पोखरेल, सञ्चालक हरिहरनाथ योगी आवद्ध संस्थाको कर्जा चुक्ता भैसकेको छ भने अन्य सञ्चालक आवद्ध सहकारीहरुको कर्जा नियमित भैरहेको छ । समस्यामा परेका सहकारीलाई संभव भए सम्म सहयोग पुऱ्याउन सञ्चालनमा ल्याउने र संभव नभएकाहरुको धितो लिलामी समेत गरिएको छ । व्यक्ति हेरेर होइन संस्थाको अवस्था, धितो, कारोवारलाई हेरेर लगानी गरिएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेड दिन प्रतिदिन शेयर सदस्य, शेयर रकम, निक्षेप, लगानी तथा कारोबार बृद्धि गर्नुका साथै सहकारी विभाग र राष्ट्र बैंकले निरीक्षण गरि दिएका सुझावहरुलाई समेत कार्यान्वयन गर्दै अगाडी बढेको व्यहोरा सम्पूर्ण सदस्य संघ/संस्थाहरु लगायत सरोकारवालाहरुमा जानकारीका लागि अनुरोध गर्दछौं ।

**मितिः- २०७१/११/२०**

(...के. बी. उप्रेती)
प्रबन्ध सञ्चालक

Central Office: Kupandol, Lalitpur, Tel: 5011782, Fax: 977-01-5555687, E-mail: coopbank@coopbank.com.np, Website: www.coopbank.com.np

# सहकारी बैंकको साथले दंग छन् कृषकहरु

**राष्ट्रिय सहकारी बैंक लि.ले आफ्ना सदस्य सहकारी संघ संस्थाहरुलाई थोक कर्जा उपलब्ध गराउदै आएको छ। समस्यामा परेका, रकम अभावमा उद्यमशिलता बढाउन नसकेका, उत्पादन, प्रशोधन र बजारीकरणको योजना अगाडि बढाएका सहकारी संघ संस्थाहरुलाई बैंकले धितो/ बिना धितो लगानी गर्ने गरेको छ। यस्तै मध्येका केहि प्रतिनिधि संस्था हुन गोठपाँणा कृषक सहकारी संस्था लि. नारायण नगरपालिका–६ दैलेख र बेलपाटा दुग्ध उत्पादक सहकारी संस्था लि. बेलपाटा–५ दैलेख, उन्नत गाईपालन व्यवसायको स्थलगत अनुगमन पश्चात बेलपाटा दुग्ध उत्पादक सहकारी संस्था लि. का अध्यक्ष लोक बहादुर डाँगी र गोठपाँणा कृषक सहकारी संस्था लि. का अध्यक्ष मुना कुमारी थापा सँग सहकारिता बुलेटिन प्रतिनिधिले गरेको कुराकानीमा आधारित आलेख)**

देश विकास को हिसावले दुर्गम क्षेत्र अनि कुनै व्यवसाय गर्न चाहेका तथा सिप भएका हरुलाई समेत स्रोत को अभाव गर्न शहर पसेकाहरुलाई व्यापार त्यसमा पनि महिला तथा विपन्न बर्गका जनता लाई अझै असहज धेरै छ। व्यापार व्यवसाय गर्नका लागि वित्तीय संघ संस्थाहरुले पनि गाउँको जग्गा जमिन राखेर कर्जा दिदैनन् । यस्तै समस्यामा रहेका आवद्ध सदस्यहरुलाई थोरै थोरै रकम लगानी गरेर भएता पनि स्थानीय जनताको हित र सिपको प्रवर्धन गर्ने उद्देश्यले स्थापना भएका संस्था हुन् बेलपाटा दुग्ध उत्पादक सहकारी संस्था र गोठपाँणा कृषक सहकारी संस्था।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य बने सगैं संस्थाहरुले बैंकको सदस्य भएर बैंकमा निरन्तर कारोबार गर्दै गए। बैंक मार्फत लघुकर्जा लगानी हुदै आएको छ भन्ने जानकारी पाएपछि यि संस्थाले पनि रकम लिएर सदस्यहरुलाई लगानी गर्ने सोंच बनाउनुका साथै उन्नत गाईपालन व्यवसाय सञ्चालन गर्ने योजना बन्यो, अध्यक्ष लोक बहादुर डाँगीले भन्नुभयो- 'बैंकमा गएर बुझ्यौ, निवेदन दियौं, बैंकका कर्मचारी संस्थामा गएर बुझे, सदस्यहरुले सञ्चालन गरेका क्रियाकलाप देखेपछि बैंकले लघुकर्जाको रुपमा २० लाख रुपैयाँ किस्ताबन्दी रुपमा संस्थालाई कर्जा उपलब्ध गरायो।

दिनभर मेलापात गरेर १ माना मात्र दुध प्राप्त गर्दै आएका यहाँका कृषकहरु सहकारीमा आबद्ध भई उन्नत गाई पालन व्यबसायमा लागे पछि भने दंग छन्। दैनिक २४ कुरुवा (१२ लिटर) सम्म दुध दिने गाई पाल्न थालेपछि भने यहाका कृषकहरुको दैनिकी तथा आय स्तरमा समेत निकै फरक परेको छ। राष्ट्रिय सहकारी बैंकको दैलेख शाखा कार्यालय मार्फत वित्तीय सहयोग तथा गोठपाँणा कृषक सहकारी संस्था लि. र बेलपाटा दुग्ध उत्पादक सहकारी संस्था लि. को सहकार्यमा बैंक मार्फत लघुकर्जा लगानी गरी ६४ जना कृषक सदस्यद्वारा उन्नत गाईपालन व्यवसाय विधिवत रुपमा शुरु भयो। गोठपाँणा कृषक सहकारी मार्फत २२ जना र बेलपाटा दुग्ध सहकारी मार्फत ४२ जना आवद्ध युवा कृषकले ब्यावसायीक रुपमै गाइपालन सुरु भयो।



बेलपाटा दुग्ध उत्पादक सहकारी संस्था लि.का सदस्यहरुले पालन गरेका उन्नत गाइ

बेलपाटा दुग्ध उत्पादक सहकारी संस्था का अध्यक्ष लोक बहादुर डाँगी र सचिव तथा सामुदायिक सेवा केन्द्रका अध्यक्ष युवराज तिमिल्सेना भन्नुहुन्छ- 'बिदेशिन लागेका युवाहरुलाई तथा महिला सदस्यहरुलाई उन्नत गाइपालन व्यवसाय सम्बन्धी परामर्श दिई गाईपालन गर्न उत्प्रेरणा दिइयो तर संस्थासँग प्रयाप्त पूँजी नभएकोले राष्ट्रिय सहकारी बैंकसंग कर्जा माग्यौ, बैंकले सहजै कर्जा उपलब्ध गराएर हामीलाई गुन लगाएको छ। ४ बर्ष अघि सम्म घाटामा संचालित गोठपाँणा कृषक सहकारी संस्था सदस्यलाई उत्पादनशिल कार्यमा सहभागीता गराई सदस्यको आर्थिक उन्नती गरी अहिले नाफामा संचालन भएको छ। यसो हुनुमा राष्ट्रिय सहकारी बैंकको भूमिका महत्वपूर्ण रहेको संस्थाका अध्यक्ष मुना कुमारी थापा बताउनुहुन्छ।



*गोठपाँणा कृषक सहकारी संस्था लि.का सदस्य डील बहादुर थापाको गाईले बाखाको पाठालाई दुध खुवाउदै ।*

उत्पादित दुध स्थानीय बजारमा अपुग भएकोले थप गाई थप्ने तथा डेरी संचालन गर्ने योजना रहेको बताउदै गोठपाँडा कृषक सहकारीका ब्यबस्थापक दिनेश कुमार थापाले राष्ट्रिय सहकारी बैंक लिमिटेडबाट थप सहयोग हुनु पर्नेमा जोड दिनु भयो।

सहकारी बैंक सहकारीहरुको प्रवर्द्धन र विकासका लागि स्थापना भएको बैंक हो। अप्ठेरोमा परेका सहकारीहरुलाई वित्तीय सहयोग गरेर अगाडि बढ्न सहयोग पुऱ्याउछ भन्ने सुनेका थियौ। अहिले हाम्रो संस्थामा आवद्ध उद्यमी महिलाहरुका लागि राष्ट्रिय सहकारी बैंक साच्चिकै सहयोगी बनेको छ। यो बैंककै सहयोगबाट संस्थाले सदस्यहरुलाई उद्यमी बनाउन थप योगदान गर्न सकेको छ। सहकारी बैंकमा काम गर्ने कर्मचारीहरुको सहयोगी व्यवहारले पनि हामीलाई काम गर्न सहज तुल्याएको छ। आगामी दिनमा पनि बैंकसंग सहकार्य गर्दै अगाडि बढ्ने हाम्रो सोँच छ।

# अपाङ्गता भएकाहरुलाई राष्ट्रिय सहकारी बैंकको सहयोग

# पुस्तक  विक्री नहुदाँ समस्यामा अपाङ समाज सहकारी

मुलुकका दुर्गम गाउँका जनताले जसरी सेवा सुविधा पाउन सकेका छैनन् त्यस्तै शहरिया गरिवहरुको अवस्था छ। राज्यले शहरिया विपन्नहरुलाई नै देख्न सकेको अवस्था छैन। त्यसैमा पनि अपाङ्गता भएकाहरुको अवस्था त झन कहाली लाग्दो छ। उनीहरुका समस्या बुझिदिने कोही हुदैन। दया, मायाको भावले हेरिन्छ। यस्तै व्यथाबाट छुटकारा पाउनका लागि अपाङ्गता भएकाहरुको सहकारी बनाएर अगाडि बढ्ने योजना अनुसार नेपा अपाङ्ग समाज बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड स्थापना गरिएको हो। काठमाडौंको अनामनगरमा स्थापना गरिएको सहकारीले देशका विभिन्न क्षेत्रबाट काठमाडौं उपत्यकामा आएर स्थायी वा अस्थायी बसोबास गरीरहेका अपाङ्गता भएकाहरुलाई त्यसमा पनि आर्थिक रुपमा कमजोर अवस्था भएकाहरुलाई एकतावद्ध गराएर अगाडि बढ्ने उदेश्यका साथ संस्था दर्ता गरिएको हो।

विपन्न वर्गका अपाङ्गता भएकाहरुलाई लक्षित गरी २५ जनाको २ हजार ५ सय रुपैया शेयर संकलन गरि शुरु गरिएको संस्थामा त्यति धेरै पुँजि त छैन तर यसले सदस्यहरुलाई आयआर्जनका लागि सक्रिय हुन मद्दत गरिरहेको छ। संस्थाले चिठीका खाम, फाइल, स्क्रीन प्रिन्ट, बुक वाइण्डिङ, मैनवत्ती उत्पादन, सिलाईकटाई लगायतका काममा सदस्यहरुलाई सहभागी गराउदै लगेको छ।

अपाङ्गता भएकाहरुको आयआर्जनको माध्यम नभएकाले उनीहरुलाई थप कसरी रोजगारतर्फ लगाउन सकिन्छ भनेर सोची रहेको समयमा राष्ट्रिय सहकारी बैंकले सहकारीहरुलाई युवा स्वरोजगारको कर्जा दिन्छ भन्ने जानकारी पाएपछि बैंकमा गयौ। बैंकको नियमानुसार विना धितो कर्जा लगानीका लागि संस्था नाफामा रहेको, राम्रोसंग सञ्चालन भएको हुनु पर्ने रहेछ। हाम्रो संस्था नाफामा पनि थिएन, राम्रोसंग सञ्चालन गर्न पनि सकिरहेका थिएनौ। सामान्य वचत गर्ने, आयआर्जनबाट आएको पैसालाई जोड्दै गएका थियौ। हामीले काम गर्छौ भनेपछि सहकारी बैंकले हाम्रो विश्वास मानेर युवा स्वरोजगारको कर्जा उपलब्ध गरायो। २० लाख रुपैया २ वटा किस्तामा दिएपछि हामीले छपाई सम्बन्धी काम गर्ने योजना बनायौ। पहिला पनि हामीले छपाईका काम गर्दै आएका थियौ। बालबालिका, महिला, राजनीतिका साथै बालचित्रकलाहरु आफै लेख्ने, अनुवाद गर्ने गर्थ्यौं। त्यसलाई बढाउने योजना बनायौ। छपाई सम्बन्धी काम गर्नका लागि जनशक्ति थप गर्‍यौ। २ जना सदस्यलाई तरकारी खेतीका लागि ४ लाख लगानी गर्‍यौ, एक जनाले उपभोक्ता पसल सञ्चालन गर्नु भयो। सहकारी बैंकको पैसा १२ लाख जति छपाईमा र अन्य रकम उत्पादन, व्यवसायमा लगाइयो। सहकारी बैंकले हाम्रो अवस्था त्यति राम्रो नभए पनि हामीलाई प्राथमिकता दिएर कर्जा दियो, काम गर्न खोज्नेलाई हौसाउने काम गर्‍यो, यसैगरी अरुले पनि सहज तरिकाले सहयोग गरिदिए अपाङ्गता भएकाहरुको अवस्थामा सुधार आउने थियो। राष्ट्रिय सहकारी बैंकले दिएको साथले हामीलाई उत्साहित बनाएको छ तर हाम्रो उत्पादन र हाम्रा सेवाहरुका बारेमा राम्रो प्रचार नहुदा, सरोकारवालाहरुले ध्यान नदिदा हामीले भने जस्तो काम गर्न सकेका छैनौ।




छपाई गर्न आफ्नो प्रेस नहुँदा समस्या हुदो रहेछ। आफ्नै पसल नहुदा विक्री वितरणमा पनि समस्या रहेछ। अहिले पनि हामीले प्रकाशन गरेका विभिन्न किसिमका करिब २० लाख पुस्तकहरु विक्री भएका छैनन्। जसका कारण हामीलाई बैंकको कर्जा भुक्तानमा समस्या सिर्जना भएको छ। अन्य स्रोत नभएका हामी जस्ता अपाङ्गता भएकाहरुको उत्पादन तथा सेवालाई राज्यले व्यवस्थापन गरिदियोस भन्ने हामीले आशा गरेका छौ। पुस्तक बिक्री गर्नका लागि धेरै ठाउमा पुग्यौ तर हाम्रो पुस्तक विक्रेताहरुले पनि लिदैनन्। राज्यले व्यवस्थापन गरिदिए हामीले कम्तीमा आफ्ना सदस्यहरुलाई स्वरोजगार बनाउन सक्थ्यौ भन्ने लाग्छ। फेरी पनि हामीले हिम्मत हारेका छैनौ। अपाङ्गता भएकाहरुको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउनका लागि व्यवसाय परिवर्तन गरेरै भएपनि हामीले काम गर्छौं भन्ने योजना बनाएका छौ।

देशमा ३० हजार सहकारी छन् भनिन्छ, अपाङ्गता भएकाहरुले प्रकाशन गरेका कितावहरु सहकारीहरुले खरिद गरिदिए हुन्थ्यो भन्ने हामीले आशा गरेका छौ।

(संस्थाका अध्यक्ष ओम पुन, सचिव तेजकुमारी तिवारी र कोषाध्यक्ष रश्मिना शेर्पासंग गरिएको कुराकानीमा आधारित आलेख)



*संस्थाका सचिव तेजकुमारी तिवारी र कोषाध्यक्ष रश्मिना शेर्पा*